नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३
०९४-४२०१५१
०९४-४२०१०८
०९४-४११२११
dao.doti68@gmail.com
daodoti@moha.gov.np

प.सं. २०७८/०७९
चलानी नं.

सिलगढी
डोटी, नेपाल ।

मितिः- २०७८/१०/०९

## डोटी जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापि महामारीको रुपमा फैलिइ रहेको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण यस जिल्लामा समेत तिव्र रुपमा बढ्दै गएको सन्दर्भमा सो को रोकथाम, नियन्त्रण, निदान र उपचार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नेपाल सरकारका निर्णयहरु, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८, संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी यस अघि जारी आदेशलाई निरन्तरता दिँदै यही मिति २०७८/१०/१० गते राती १२.०० बजे देखि २०७८ माघ मसान्तसम्मका लागि डोटी जिल्ला भर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ ।

१. निषेध गरिएका गतिविधिहरु

(क) सबै प्रकारका आमसभा, जुलुस, भेला, मेला, सम्मेलन, जात्रा, महोत्सव, हाटबजार र मानिसको भीडभाड हुने कार्यक्रम ।

(ख) शैक्षिक संस्थाहरु (तालिम केन्द्र, कोचिङ्ग सेन्टर, विद्यालय तथा कलेज) मा भौतिक उपस्थितिमा गरिने पठन पाठन ।

(ग) विश्व विद्यालय/विद्यालय/शिक्षालयका परीक्षा, जनशक्ति भर्नाका परीक्षा लगायतका सबै किसिमका परीक्षाहरु। तर विश्वविद्यालय वा आयोगको पूर्व निर्धारित विशिष्ठ प्रकृतिको छनौट परीक्षा स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गरी गराई संचालन गर्न सकिने ।

(घ) धार्मिक स्थल, मठ मन्दिरहरुमा पुजारीले नित्य पूजा, ध्यान वा प्रार्थना गर्ने बाहेक कुनै पनि प्रकारको मेला, पर्व, जात्रा, सामुहिक पूजाआजा आदि।

**२. कोभिड १९ रोकथाम नियन्त्रण र उपचार व्यवस्थालाई प्रभावकारी बनाउने सिलसिलामा आम नागरिकले देहाय बमोजिम गर्ने गराउने ।**

(क) घर बाहिर निस्किदा र सार्वजनिक स्थानमा उपस्थित हुदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।

(ख) सार्वजनिक निकायमा सेवा लिन जाँदा कोभिड-१९ बिरुद्धको खोप लगाएको कार्ड अनिवार्य रुपमा साथमा राख्ने (मोबाईलमा फोटो भए पनि हुने) ।

(ग) सार्वजनिक स्थलमा उपस्थित हुदा दुई व्यक्ति बीच कम्तिमा २ मीटरको भौतिक दुरी कायम गर्ने, मास्कको अनिवार्य प्रयोग गर्ने। पटक पटक साबुनपानीले हात धुने वा स्यानिटाजरको प्रयोग गर्ने ।

(घ) विदेशबाट नेपाल आउदा वा संक्रमित व्यक्तिसंग निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङ्गमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा ५ दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३
०९४-४२०१४१
०९४-४२०१०८
०९४-४११२११
dao.doti68@gmail.com
daodoti@moha.gov.np

प.सं. २०७८/०७९
चलानी नं.

सिलगढी
डोटी, नेपाल ।

(ङ) पि. सि. आर. परीक्षणका लागि स्वाब दिए पश्चात नतिजा नआएसम्म बाहिर हिडडूल, भेटघाट र बैठक नगर्ने ।

(च) स्थानीय तहमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिहरुलाई सक्दो सहयोग गर्ने ।

(छ) स्वास्थ्य सुरक्षाका मापदण्ड नअपनाउनेहरुका हकमा सम्झाई बुझाई गर्ने, स्थानीय तह, स्थानीय प्रशासन स्वास्थ्य संस्था, टोल सुधार समिति लगायतका संघ संस्थाहरुमा जानकारी गराउने ।

(छ) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्वन्धी कुनै समस्या परेमा तुरुन्तै नजिकको अस्पताल जाने ।

(ज) नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने र स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्ने ।

३. सबै प्रकारका व्यापार व्यवसाय गर्ने पसलहरुले एक पटकमा २५ जना भन्दा बढी ग्राहक नहुने गरी र खोप कार्ड अनिवार्य गरी व्यवसाय संचालन गर्ने। सेवा दिदा भौतिक दुरी कायम गर्ने र स्वास्थ्य सुरक्षाका अन्य मापदण्डहरुको पालना गरी गराई व्यवसाय संचालन गर्ने ।

**४. होटेल तथा रेष्टुरेण्टहरुको हकमा देहाय बमोजिमको सुरक्षा मापदण्ड पालना गरी संचालन गर्ने ।**

(क) कामदारले अनिवार्य रुपमा मास्क, फेस सिल्ड र पन्जा लगाउने ।

(ख) प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।

(ग) खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा प्रवेश गर्न दिने ।

(घ) कूल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तिमा २ मीटरको भौतिक दुरी कायम गर्नु पर्ने ।

(ङ) स्यानिटाईजरको व्यवस्था गर्ने

(च) नियमित रुपमा निसंक्रमित गर्नु पर्ने ।

(छ) कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा ५ रुपैया लिई मास्क उपलव्ध गराउने र मास्क नलगाउनेलाई प्रवेश नदिने ।

**५. सार्वजनिक र निजी सवारी साधनहरु (दुई पांग्रे समेत) देहाय बमोजिम संचालन गर्ने गराउने ।**

(क) सीट क्षमता भन्दा बढी यात्रु नराख्ने ।

(ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।

(ग) सवारी साधनको ढोकामा र सवारी साधन भित्र सबै यात्रुले प्रयोग गर्ने गरी स्यानिटाईजरको व्यवस्था गर्ने ।

(घ) चालक र सह चालकले मास्क र फेस सिल्ड लगाउनु पर्ने।

(ङ) सवारी साधनलाई दैनिक निसंक्रमित गर्नु पर्ने ।

(च) सार्वजनिक यातायातमा कुनै यात्रु मास्क नलगाई आएमा चालक वा सह चालकले बढीमा ५ रुपैया लिई मास्क उपलव्ध गराउनु पर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३
०९४-४२०१४१
०९४-४२०१०८
०९४-४११२११
dao.doti68@gmail.com
daodoti@moha.gov.np

प.सं. २०७८/०७९
चलानी नं.

सिलगढी
डोटी, नेपाल ।

(छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश नदिने ।

(ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीचमा यात्रु नचढाउने गरी प्रस्थान देखि गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण दैनिक जिल्ला कोभिड-१९ व्यवस्थापन समितिमा पठाउने ।

६. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिए अनिवार्य रुपमा ५ दिन क्वारेन्टिनमा वस्ने र ५ दिन पछि परीक्षण गरी नतिजा नेगेटिभ आएमा मात्र काममा फर्किने ।

७. सार्वजनिक तथा निजी सेवा प्रदायकले संभव भएसम्म विधुतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने । गोष्टी, सेमिनार गर्नु पर्दा भर्च्युअल माध्यमबाट गर्ने ।

८. विवाह, न्वारान, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु संचालन गर्दा २५ जना भन्दा वढी भेला जम्मा नहुने र स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरी संचालन गर्ने ।

९. यस आदेशमा उल्लेख भए वाहेकका अन्य सेवा वा कार्यसंग सम्वन्धित सार्वजनिक निकाय निजी गैर सरकारी संघ संस्था उद्योग कलकारखानाले त्यस्तो सेवा वा व्यवसाय संचालन गर्दा गराउदा जन स्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने ।

१०. आदेशमा उल्लेख भए भन्दा आकस्मिक रुपमा कुनै भिन्दै परिस्थिति श्रृजना भएमा नजिकको सुरक्षा निकायमा जानकारी गरी अनुमति प्राप्त भए बमोजिम गर्ने ।

११. औषधी लगायत अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा कृतिम अभाव श्रृजना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, सहज आपूर्तिमा अवरोध पुर्याउने जो सुकै उपर प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१२. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। अवज्ञा गर्ने वा बाधा पुर्याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन २०२० र स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कारवाही र सजाय हुनेछ ।

०७८/१०/०१

प्रमुख जिल्ला अधिकारी